## अनुसूची २

(दफा ४ तथा अनसूची (१) को भाग (२) सँग सम्बन्धित)


हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: ६ मिति: २०७६/०४/३०

**भाग-२**

**हेलम्बु गाउँपालिका**


**(हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७६/०४/२८ मा पारित)**

# हेलम्बु गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:**

हेलम्बु गाउँपालिका सिन्धुपाल्चोक भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका वासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम हेलम्बु गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम : "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७६" रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "एम्बुलेन्स" भन्नाले विरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण चालक र परिचारिका समेतलाई जनाउँछ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

घ) “गाउँपालिका” भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) “सेवा शुल्क” भन्नो एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरि समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन समिति सम्झनु पर्छ ।

छ) “सेवा” भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन समितिः** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन अनुगमन तथा रेखदेख तथा मर्मत सम्भार गर्न देहायका पदाधिकारीहरु रहेको एक गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) गाउँपालिका इन्जिनियर | सदस्य |
| ग) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी | सदस्य |
| घ) गाउँपालिकाका बर्थिङ सेन्टरका नर्सिङ स्टाफ मध्ये एक | सदस्य |
| ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक वस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर हरेक त्रैमासिक समयमा कम्तिमा पनि एक पटक बस्नेछ । समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था हेलम्बु गाउँ कार्यपलिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने । आवश्यकता अनुसार मर्मत सम्भार गर्न ब्यबस्था मिलाउने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचार संहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाईने ।

ङ) सरोकारवाला तथा अन्य संघ सस्थाहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने ।

ज) चालकको पद रिक्त हुन गएमा गाउँ कार्यपालिकालाइ जानकारी गराउने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. सेवा शुल्क सम्बन्धि व्यवस्थाः** (१) एम्बुलेन्स सेवा प्रयोग गरे वापत सम्बन्धित सेवाग्राहीले अनूसुची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम गाउँपालिकाले एक अलग बैंक खाता/कोष खडागरि त्यसमा जम्मा गर्नेछ । कोष वा खाता समितिको निर्णय बमोजिमका व्यक्तिहरुको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(३) सेवा शुल्क वापत लिईने रकमको असुलीको लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखीने छ ।

(४) सेवा दिए वापत लिईने सेवा शुल्क नगदि रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक खौषधि तथा सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**६. चालकको नियुक्ति र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा सञ्चालनको लागि गाउँ कार्यपालिकाले योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चाकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिम कोषबाट व्यहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

**७. एम्बुलेन्स रहने स्थान सो को मर्मत संभारः** (१) एम्बुलेन्स हेलम्बु गाउँ कार्यपालिकाले तोकेको स्थानमा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको र समितिको हुनेछ ।

**८. विविधः** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्स सवार विरामी, विरामीको आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवा ग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

## कार्यविधि दफा (५) सँग सम्बन्धि सेवा शुल्क सम्बन्धि दररेट

**क**) सुत्केरी व्यथा लागेको हेलम्बु गाउँपालिका भित्रका सवै महिलाहरुका लागि हेलम्बु गाउँपालिका भित्रका वर्थिङ सेन्टरसम्म लैजादा  र फर्काउँदा निशुल्क हुनेछ ।

**ख**) हेलम्बु गाउँपालिका भित्रका वर्थिङ सेन्टरले रेफर गरेका सवै सुत्केरी व्यथा लागेका र कुनैपनि कारणले मातृ तथा जन्मेको २८ दिन भित्रका नवशिशुको मृत्यु हुनसक्ने अवस्था भनि बर्थिङ सेन्टरले रेफर गरेको अवस्थामा पनि निशुल्क हुनेछ ।

**ग**) हेलम्बु गाउँपालिका भित्रका वर्थिङ सेन्टरले रेफर गरेका तर सुत्केरी ब्यथा नलागेका र मातृमृत्युको जोखिम पनि नभएका आमाहरुका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुने छैन ।

**घ**) अन्य हेलम्बु गाउँपालिका भित्रका विरामीहरुको लागि तपशिल बमोजिम हुनेछ :

१. गाउँपालिकामा कुनै पनि वस्ती देखि गा.पा भित्रका स्वास्थ्य संस्था सम्म रु ५००।-

२. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाले रिफर गरेको विरामी मेलम्ची सम्मको रु १०००।-

३. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाले रेफर गरेको विरामी काठमाडौंसम्मको लागि रु ३०००।-

**ङ**) गाउँपालिका भित्रका स्वास्थ्य सस्थाहरुले रेफर नगरि बिरामी सिधै वाहिर लगेमा त्यसको दोब्बर रकम तिर्नुपर्नेछ ।

**च**) गाउँपालिका भन्दा बाहिरका बिरामिहरुका लागि कच्ची बाटोमा प्रति किलोमिटर रु १५० र पक्की बाटोमा प्रति किलोमिटर रु १००।- का दरले भाडा दर कायम गरिएको छ ।

**छ**) गाउँपालिका भित्रका स्वास्थ्य सस्थाहरुले रेफर गरेको अभिलेख चालकले राखि समिति समक्ष पेश गर्नुपर्नेछ ।

**ज**) कुनैपनि ब्यक्तिले बिरामीको अभिनय गरि एम्बुलेन्सको दुरुपयोग गरेको प्रमाणित भएमा उल्लेखित भाडा दरको ५ दोब्बर बराबर हुन आउने रकम असुल उपर गरिने छ ।

## अनूसूची २

### ( कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका २०७६ लाई पूर्णतया पालना गर्नुपर्ने ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायम गर्दै समितिसग पूर्ण रुपले बफादार रही आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने काम गर्न नहुने ।

३. मादक पदार्थ सेवन गरि एम्बुलेन्स चलाउनु नहुने ।

४. विरामीको ओसार-प्रसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधैं सम्मान पूर्वक व्यवहार गरि उच्चस्तरीय सेवा प्रदान गर्नुपर्न ।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवारी र जवाफदेहि हुनुपर्ने ।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनुपर्ने ।

७. कुनै पनि विरामीलाई ओसार-प्रसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८. विरामीलाई विच बाटोमा छाड्न नहुने

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पर्ने,

११.. आफूले उचित देखेको विरामीको गुणस्तरीय सेवामा सकारात्मक प्रभाव पार्न राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसार-प्रसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म............................................(नाम)..............................................ठेगाना .........................ना.प्र.प.नं ..........................जिल्ला ड्राईभिङ्ग लाईसेन्स नं ......................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ..........................जिल्ला .......................संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको: | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको: |
| दस्तखत: | दस्तखत: |
| मिति: | नाम/पद: |
| | मिति: |
| | कार्यालयको छ |

अनुसूची ३

कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

ग वर्गको common life support (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

१) प्राथमिक उपचारका सामानहरु(Betadine,Artery forcep,Gauze, Bandage,Sissor,Blade,Paracetamol 500mg tab,Metronidazole 400 mg tab,Antacid tab,Handiplast,Gloves sterile & non sterile,Shop,सुत्केरी सामग्री,Normal saline,Clean Water

२) oxygen cylinder, flow meter/mask जडित वा जरुरी परेमा राख्न सकिने

३) IV injection दिन सकिने व्यवस्था

४) Stretcher

५) Stethoscope, B.P Apparatus, Torchlight

६) Driver with basic training in first aid and emergent medicine.

आज्ञाले,
भीमराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत